नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**केन्द्रीय अनुसन्धान ब्यूरो**
(प्रशासन शाखा)

**फोन:** ०१-४५११७७६
**मोबाईल नं.:** ९८५१२८३१४०
**फ्याक्स:** ०१-४५१४३९१

पो.ब.नं.४०७
**लाजिम्पाट, काठमाडौं**

## प्रेस विज्ञप्ती- १७

### "नक्कली खोटा नोट सहित मानिस पक्राउ

काठमाण्डौ उपत्यकका विभिन्न स्थानहरुमा नेपाल राष्ट्र बैंकबाट जारी गरेको नेपाली रु.१०००।– र रु.५००।– दरका नोट जस्तो देखिने चादीको नक्कली नोटहरु (खोटा मुद्रा) निर्माण गरी कारोबार समेत भईरहेको भन्ने बिशेष सूचनाको आधारमा मिति २०८१/०७/२० गते यस ब्यूरोबाट खटी गएको प्रहरी टोलीले भक्तपुर जिल्ला सुर्यविनायक न.पा. वडा नं.८ सिपाडोल स्थित सोहिल शाक्यले संचालन गरेको ईन्द्र ज्वेलर्स सुनचादी पसलबाट निम्नानुसारको नेपाल राष्ट्र बैंकबाट जारी गर्दा उल्लेख हुने विवरण समेत भएको नेपाल राष्ट्र बैंकले निकालेको हो भन्ने भान पार्ने वा विश्वास हुने गरी अनाधिकृतरुपमा नेपाली नोट रु.१०००।– र रु.५००।– दरका सेतो प्लास्टिकले लेमिनेसन गरेको चाँदीको जस्तो देखिने नक्कली नोटहरु फेला पारी रितपुर्वक बरामद गरी ईन्द्र ज्वेलर्स सुनचादी पसलका संचालक सोहिल शाक्यलाई पक्राउ गरी थप अनुसन्धान भईरहेको ब्यहोरा जानकारीको लागि अनुरोध गरिन्छ ।

**निम्न:-**

१) नेपाली रु.१०००।–(एक हजार) दरको नोट जस्तो देखिने श्री 9999 उल्लेख भएको थान-४८ ।
२) नेपाली रु.१०००।–(एक हजार) दरको नोट जस्तो देखिने S,D000000उल्लेख भएको थान-४० ।
३) नेपाली रु.१०००।–(एक हजार)दरको नोटजस्तो देखिने ट५६,८२१३८३ उल्लेख भएको थान-२५ ।
४) नेपाली रु.५००।– (पाँच सय) दरको नोट जस्तो देखिने श्री 9999 उल्लेख भएको थान-२८ ।



**पक्राउ गरिएको मानिस**

नाम थर : सोहिल शाक्य
उमेर : ३० बर्ष
ठेगाना : जि.भक्तपुर , भक्तपुर न. पा. -०७
पेशा : व्यवसायी ( ईन्द्र ज्वेलर्स , सुर्यविनायक )



प्रवक्ता तथा सूचना अधिकारी
( होविन्द्र बोगटी )
प्रहरी उपरीक्षक
सम्पर्क: ९८५१२९१३११

मिति: २०८१/०७/२१ गते ।